आज मिति २०७५।७।१९ गतेका दिन प्रतिनिधी सभाका माननीय सदस्य श्री यज्ञराज सुनुवार ज्यूको विशेष उपस्थितिमा सदरमुकाम स्थित स्रष्टा पार्कको व्यवस्थापन र युगकवि सिद्धिचरण श्रेष्ठको पूर्णकदको सालिक स्थापना लगायतका विषयमा छलफलको लागी बसेको बैठकमा उपस्थिति एवं निर्णय भयो ।

<u>उपस्थिति</u>

१ श्री यज्ञराज सुनुवार – प्रतिनिधि सभा माननीय
२, श्री मोहन कुमार श्रेष्ठ – नगर प्रमुख
३, श्री मुनका च्यौपाने – प्र.जि.अ.
४, श्री राजेन्द्र खकुरेल – प्रमुख सेनानी
५, श्री अनन्तराम शर्मा – प्र.ना.उ
६, श्री राम चन्द थापा – स.प्र.ना.उ
७ श्री- सोमराज खतिवडा – प्र.प्र.अ.

**<u>निर्णयहरु :</u>**

१. सिद्धिचरण नगरपालिका स्थित ओखलढुंगा बजारमा युगकविं सिद्धिचरण श्रेष्ठको पूर्ण कदको शालिक अनावरण र **श्रष्टा** पार्कको (यगकवि सिद्धिचरण श्रेष्ठ, राष्ट्रियगानका रचनाकार प्रदिप कुमार राई **"ब्याकुल माइला"** रेडियो नेपालका पहिलो गित रेकर्डिस्ट गायिका मेलवादेवी, चर्चित लोक गायक पाण्डव कुमार सुनुवार) उत्घाटन समारोहको लागि सबै सरोकारवालाहरुसँग समन्व गरी नगरपालिकाले आवश्यक तयारी गर्ने ।

२. श्राष्टा पार्क निर्माण तथा युगकवि सिद्धिचरण श्रेष्ठको पूर्ण कदको शालिक अनावरणको लागि बाँकी रहेका निर्माण कार्यहरु नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी लगायत सम्बन्धित सरोकारवालाहरु समेत सँग समन्वय गरी नगरपालिकाले यथाशक्य चाँडो सम्पन्न गर्ने ।

३. सम्माननीय राष्ट्रपति शालिक अनावरण र **श्रष्टा** पार्क उत्घाटन समारोहमा पाल्नु हुँदा गर्नु पर्ने कामहरु (बजार सरसफाई, बाटो मर्मत लगायतका अन्य तयारी समेत) स्थानीय सुरक्षा निकाय, उद्योग वाणिज्य संघ, होटल व्यवसायी संघ र स्थानीय संघसंस्था सँग समन्वय गरी सम्पन्न गर्ने । यसको तयारीको लागि केन्द्रीयस्तर (राष्ट्रपति कार्यालय लगायत) मा समन्वयको काम माननीय संघीय सांसद श्री यज्ञराज सुनुवारज्यू मार्फत गर्ने ।

४. युगकवि सिद्धिचरण श्रेष्ठको पूर्ण कदको शालिक अनावरणको अवसरमा राष्ट्रियस्तरको कवि गोष्ठी गर्ने र सो को तयारी सम्बन्धित पक्ष समेतको सहभागितामा नगरपालिकाले व्यवस्थापन गर्ने ।